नोभेम्बर ११, २०२५ मा अपडेट गरिएको

# *LinkUW* को बारेमा

*LinkUW* ले *UW–Madison* मा हुने प्रशासनका कामहरू बदल्दै छ। हामीले समयमै र ग्राहक केन्द्रित समर्थन प्रदान गर्नेछौँ जसले स्कूल, कलेज र विभाजन पार्टनरहरूलाई विश्वविद्यालयको उद्देश्य अगाडि बढाउनमा ध्यान केन्द्रित गर्न सक्षम बनाउनेछ।

*LinkUW* को हालको पहिलो चरणमा, विश्वविद्यालयले मानव संसाधन तथा आर्थिक कर्मचारीहरूलाई परिचालन टोली सदस्यहरूमा संगठित गराउँदैछ जसले विश्वविद्यालयभरि धेरै युनिटहरूको लागि उच्च मात्रा वा समय सीमाबद्ध परिचालनमा काम गर्ने साथसाथै सेवा पाउने युनिटहरूलाई गुणस्तरीय सहयोग प्रदान गर्ने सुनिश्चित गर्नेछ।

यो *UW–Madison* मा भइरहेको समग्र प्रशासनिक आधुनिकीकरण प्रयासको एक हिस्सा हो। यो र अन्य महत्त्वपूर्ण पहलहरू पूरा गर्न हामी सबै मिलेर काम गर्न आवश्यक हुनेछ।

## कर्मचारी र युनिटहरूका लागि सकारात्मक लाभ

***LinkUW* मा हुने कर्मचारीहरूले:**
- प्रक्रियाहरू र जानकारीहरू सही र भरपर्दो हुने सुनिश्चित गर्नेछन्
- भविष्यका सञ्चालन प्रक्रियाहरू बनाउनेछन्
- तालिमहरूमा भाग लिनेछन् ताकि क्याम्पसभरि सेवा गर्ने युनिटहरूबाट आउने विभिन्न अनुरोधहरू र प्रश्नहरूमा सहयोग गर्न सकून्
- *HR* वा अर्थ भित्र धेरै कार्य क्षेत्रहरूमा विशेषज्ञता पाउनेछन्
- आफ्नो समूह र समुदायका समर्थन बढाउनेछन्

**भाग लिने युनिटहरूले यी कुराहरू अनुभव गर्नेछन्:**
- उद्देश्य समर्थन गर्ने उत्तरदायी र समयमै पाइने सेवा
- ग्राहकप्रति केन्द्रित टोलीले प्रदान गर्ने सेवा जसले पार्टनरहरूलाई *HR* र आर्थिक प्रक्रियाहरू बुझ्न मिल्ने सहयोग
- गुणस्तरमा राखिएको प्रक्रियाहरू मार्फत कम जटिलता

## के बदलिँदै छ ?

*LinkUW* ले शैक्षिक र प्रशासनिक युनिटहरू भित्र भइरहेको कामलाई *LinkUW* मा सारेर विश्वविद्यालयले केही आर्थिक र मानव संसाधन सेवाहरू सञ्चालन गर्ने तरिका बदल्नेछ।

## *LinkUW* ले प्रदान गर्ने सेवाहरू

- *HR* सेवाहरूमा सुविधा, कामको समय र अनुपस्थिति, तलब, अडिटहरू (तलब बाहेक) तथा जागिर बदलहरू समावेश छन्
- आर्थिक सेवाहरूमा खरिद कार्डहरू, यात्रा र खर्च, खरिद, भुक्तानीहरू तथा सामान्य समर्थन समावेश छन्

## हामीलाई सम्पर्क गर्नुहोस्

यदि तपाईंको प्रश्नको उत्तर मिलेको छैन भने वा तपाईंलाई यस पहलप्रति प्रतिक्रिया प्रदान गर्न इच्छा भएमा, कृपया हामीलाई help.linkuw@wisc.edu मा ईमेल पठाउनुहोला।

**नेपाली / *NEPALI***

यदि तपाईँलाई नेपाली भाषाको अनुवादन वा उल्था सेवा आवश्यक भएमा, कृपया सांस्कृतिक भाषागत सेवा, (मानव संसाधन कार्यालय) को (608) 262-7521 वा nepali-cls@wisc.edu मा सम्पर्क गर्नुहोला। धन्यवाद।